# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली
# मितिः ०१ अक्तुबर २०२६

समयः १८:५० - १९:०० बजे *(अवधि १५ मिनट)*

**<u>प्रमुख समाचार</u>**

- राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सी.पी. राधाकृष्णन, प्रधानमन्त्री नरेन्द्र मोदी तथा विदेशमन्त्री डा. एस. जयशंकरले क्याप्टेन स्मित मच्छार प्रति राष्ट्र गर्वित रहेको बताउनुभएको छ।

- मुख्यमन्त्री शुभेन्दु अधिकारीले टिस्ता माथिको महत्वपूर्ण पुल परियोजनालाई अनुमोदन गरेकोमा केन्द्र सरकारलाई धन्यवाद दिनु भएको छ।

- भारतीय सेनाको 'त्रिशक्ति कोर'ले 'चो ला दिवस'को ६०औँ वार्षिकोत्सवको अवसरमा एक विशेष बाइक ऱ्यालीको आयोजना गरेको छ।

- खरसाङ महुकुमा प्रशासनको आयोजनामा आज गोर्खा जन पुस्तकालयमा अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस २०२६ पालन गरियो।

- खरसाङ नगरपालिका अन्तर्गत हाउजिङ फर अल योजनाका लाभार्थीहरूले आज रकम भुक्तानीमा कथित अनियमिततालाई लिएर खरसाङमा ऱ्याली निकले|

**<u>स्मित मच्छार</u>**

राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सी.पी. राधाकृष्णन, प्रधानमन्त्री नरेन्द्र मोदी तथा विदेशमन्त्री डा. एस. जयशंकरले क्याप्टेन स्मित मच्छारको साहस र सुझबुझको प्रशंसा गर्दै राष्ट्र उहाँप्रति गर्वित रहेको बताउनुभएको छ। प्रधानमन्त्री मोदीले क्याप्टेन मच्छारकी पत्नी तथा माता–पितासँग कुराकानी गर्दै भारतीय सेनाबाट उहाँलाई हरसम्भव सहयोग उपलब्ध गराउने बताउनुभएको छ। राष्ट्रपति मुर्मुले उहाँको वीरता र असाधारण सुझबुझले सबैलाई प्रभावित बनाएको बताउनुभएको छ। उपराष्ट्रपति राधाकृष्णनले क्याप्टेन मच्छारको शीघ्र तथा पूर्ण स्वास्थ्यलाभको कामना गर्दै उहाँलाई राष्ट्रको गौरव बताउनुभएको छ। नागर विमानन मन्त्री राममोहन नायडूले पनि क्याप्टेन मच्छारको असाधारण साहस र ककपिटमा देखाएको सुझबुझको प्रशंसा गर्नुभएको छ। इस्राएलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहू र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले समेत क्याप्टेन मच्छारलाई १७४ जनाको ज्यान बचाउने सच्चा नायकका रूपमा प्रशंसा गर्नुभएको छ।

**<u>राजमार्ग मंत्री नितिन गडकरी</u>**

मुख्यमन्त्री शुभेन्दु अधिकारीले आज 1,175.59 करोड रुपियाँ लागतको टिस्ता नदीमाथिको महत्वपूर्ण पुल परियोजनालाई अनुमोदन गरेकोमा केन्द्र सरकारलाई धन्यवाद दिनु भएको छ। मुख्यमन्त्रीले सामाजिक सञ्जाल मार्फत यो निर्णयको स्वागत गर्दै प्रधानमन्त्री नरेन्द्र मोदी र केंद्रीय सड़क परिवहन एवं राजमार्ग मंत्री नितिन गडकरीलाई राज्यका जनताको तर्फबाट धन्यवाद दिनु भयो। सेभोक नजिकै टिस्ता नदीमाथि निर्माण हुने छ लेनको, अत्याधुनिक पुल ६.९१ किलोमिटर लामो हुनेछ। आफ्नो वक्तव्यमा, मुख्यमन्त्रीले सिलगढी करिडोर, जसलाई प्रायः "चिकेन नेक " भनेर चिनिन्छ, यसको भौगोलिक संवेदनशीलतालाई

ध्यानमा राख्दै टिस्ता नदीमाथि उच्च क्षमता र टिकाउ पुलको सख्त आवश्यकता रहेको बताउनु भयो।

**'त्रिशक्ति कोर'**

भारतीय सेनाको 'त्रिशक्ति कोर' (Trishakti Corps) ले 'चो ला दिवस' (Cho La Day) को ६०औँ वार्षिकोत्सवको अवसरमा एक विशेष बाइक र्‍यालीको आयोजना गरेको छ। आज दार्जिलिङस्थित सुकना सैन्य स्टेसनबाट सुरु भएको यो र्‍याली सिक्किमको ऐतिहासिक 'चो ला पास' मा पुगेर समापन हुनेछ। देशका लागि आफ्नो प्राणको आहुति दिने वीर सैनिकहरूप्रति श्रद्धाञ्जली अर्पण गर्नुका साथै, यो यात्राले युवाहरूमा देशभक्ति, साहस र राष्ट्रिय एकताको सन्देश फैलाउने लक्ष्य पनि राखेको छ। सन् १९६७ को 'चो ला' झडप भारत-चीन सीमाको इतिहासमा एक महत्त्वपूर्ण अध्याय हो; उक्त द्वन्द्वका बेला भारतीय सेनाले देखाएको वीरता र दृढताको सम्झना गर्दै हरेक वर्ष 'चो ला दिवस' मनाइने गरिन्छ |'चो ला' झडपका क्रममा भारतीय सेनाले प्रदर्शन गरेको वीरता, साहस र बलिदानको सम्मान गर्नु यस पहलको मुख्य उद्देश्य हो।

सिक्किम-दार्जिलिङ विलय

सिक्किम डेमोक्रेटिक फ्रण्ट (एसडीएफ) ले सिक्किम-दार्जिलिङ विलयको विषयमा राजनीतिक प्रोपोगाण्डा र मौखिक आश्वासनभन्दा राज्य सरकारले वैधानिक रूपमा आफ्नो अडान स्पष्ट पार्नुपर्ने माग गरेको छ।एसडीएफ प्रवक्ता योजना खालिङ राईले आज जारी गरेको विज्ञप्तिमार्फत सिक्किमे जनतालाई भ्रम र त्रासबाट मुक्त गर्न सरकारले विधानसभामार्फत आवश्यक वैधानिक सुरक्षा सुनिश्चित गर्नुपर्ने बताएकी छन्।

***राईले २०११ मा तत्कालीन एसडीएफ सरकारले सिक्किम विधानसभामा दार्जिलिङ पहाडका जनताको गोर्खाल्यान्डसम्बन्धी मागको समर्थनमा प्रस्ताव पारित गरेको उल्लेख गर्दै त्यसबाट सिक्किम छुट्टै गोर्खाल्यान्ड राज्यको पक्षमा रहेको स्पष्ट भएको दाबी गरेकी छन्।उनले वर्तमान एसकेएम सरकारले मौखिक प्रतिक्रिया र आश्वासनमा मात्र सीमित नरही जनताले दिएको जनादेशको प्रयोग गर्दै सिक्किम-दार्जिलिङ विलयको विषयमा विधानसभामा आफ्नो स्पष्ट धारणा राख्नुपर्ने बताएकी छन्।एसडीएफले सिक्किममा सक्रिय राजनीतिक दलहरूले राजनीतिक प्रचारभन्दा माथि उठेर जिम्मेवार राजनीतिक भूमिका निर्वाह गर्नुपर्ने पनि बताएको छ। विज्ञप्तिमा मुख्यमन्त्रीका प्रमुख आर्थिक सल्लाहकार प्रोफेसर महेन्द्र पी. लामाको भूमिकामाथि पनि प्रश्न उठाइएको छ। एसडीएफले लामाको निष्कासन, राजीनामा वा स्पष्टीकरणभन्दा सिक्किमको सुरक्षा र हितका लागि राज्य सरकारले वैधानिक पहल गर्नु महत्वपूर्ण रहेको जनाएको छ। एसडीएफका अनुसार, कर्मचारी हटाउँदैमा समस्या समाधान नहुने भन्दै सरकारको अडान सिक्किम विधानसभामार्फत स्पष्ट हुनुपर्ने आवश्यकता छ। एसडीएफले आफू सिक्किम-दार्जिलिङ विलयको पक्षमा नरहेको र छुट्टै गोर्खाल्यान्ड राज्यको समर्थन गर्ने आफ्नो धारणा दोहोर्‍याउँदै एसकेएम सरकारलाई विलयसम्बन्धी विषयमा आफ्नो आधिकारिक अडान स्पष्ट पार्न आग्रह गरेको छ।***

**ईडी खोजी अभियान**

सिलिगुडी शहरमा प्रवर्तन निदेशालय (ईडी) को ठूलो कारबाहीले हलचल मच्चिएको छ । केन्द्रीय जांच  एजेन्सीको टोलीले  आज बिहान शहरका विभिन्न क्षेत्रहरूमा खोजी अभियान सुरु गरेको छ । सूत्रहरु  अनुसार ईडीको टोली  बर्दवान रोडमा एक व्यापारीको घरमा पुग्यो र लामो समयसम्म खोजी अभियान चलायो। बर्दवान रोड बाहेक ईडीको टोली शहरका अन्य धेरै ठाउँहरूमा पनि एकसाथ पुगेको बताइएको छ। एकै समयमा छ ठाउँमा कारबाही गरिएको थियो । सिलीगुडीको एक परिचित व्यापारीको घरमा पनि ईडीको कारबाही गरिएको छ। केन्द्रीय जांच  एजेन्सीका अधिकारीहरूले विभिन्न कागजात र महत्त्वपूर्ण जानकारीको जाँच गरिरहेका छन्। यस सम्बन्धमा ईडीको तर्फबाट कुनै विस्तृत आधिकारिक बयान आएको छैन।

**आकाशवाणी स्वच्छता अभियान**

आकाशवाणी खर्साङ्ग ले स्वच्छता ही सेवा अभियान अन्तर्गत आज खर्साङ्गको एक  प्रमुख पर्यटन स्थल इगलक्रेकमा सफाई अभियान चलायो। कार्यक्रम निस्पादक राजीव सुब्बाको नेतृत्वमा आकाशवाणी खर्साङ्ग का कर्मचारीहरूले सफाई

अभियान चलाए। विगत 17 अक्टूबर देखि देशव्यापी स्वच्छता अभियानमा आकाशवाणीले पनि प्रमुख भुमिका खेली रहेकोछ।

**खरसाङ अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस**

खरसाङ उप-विभागीय प्रशासनको आयोजनामा आज गोर्खा जन पुस्तकालयमा अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस २०२६ विविध कार्यक्रमसहित मनाइयो। कार्यक्रममा खरसाङका विधायक सोनाम लामा र खरसाङका महकुमा शासक पेमा शेर्पा लगायत प्रशासनिक अधिकारी, सामाजिक व्यक्तित्व, विद्यार्थी तथा ज्येष्ठ नागरिकहरूको सहभागिता रहेको थियो। कार्यक्रममा खरसाङका १२ जना विशिष्ट ज्येष्ठ नागरिकलाई खदा, माला तथा प्रशंसापत्र प्रदान गरी सम्मान गरियो। कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै विधायक सोनाम लामाले ज्येष्ठ नागरिकहरू समाज, संस्कृति, भाषा र सामुदायिक मूल्यका महत्वपूर्ण आधार भएको बताउनुभयो। यसैगरी एसडीओ पेमा शेर्पाले ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा, सहज सार्वजनिक सेवा तथा कल्याणकारी कार्यक्रमलाई प्रशासनले प्राथमिकतामा राख्दै आएको बताउनुभयो। कार्यक्रममा रामकृष्ण मिशनका विद्यार्थीले स्वागत नृत्य प्रस्तुत गरेका थिए। यसै क्रममा हिमाली बोर्डिङ स्कुल, पुष्परानी रोय उच्च माध्यमिक विद्यालय र भिक्टोरिया ब्वाइज स्कुलका विद्यार्थी तथा ज्येष्ठ नागरिकबीच अन्तरपुस्ता संवाद पनि आयोजना गरिएको थियो।

**हाउजिङ फर अल**

खरसाङ नगरपालिकाअन्तर्गत हाउजिङ फर अल योजनाका लाभार्थीहरूले आज योजनाअन्तर्गतको रकम भुक्तानीमा देखिएको कथित अनियमितताको विषयलाई लिएर खरसाङमा र्‍याली निकाल्दै महकुमा अधिकारीसमक्ष ज्ञापन पत्र बुझाएका छन्। आर. के. शर्माको अगुवाइमा निकालिएको उक्त र्‍याली खरसाङ रेलवे स्टेशन परिसरबाट सुरु भई खरसाङ महकुमा अधिकारीको कार्यालयसम्म पुगेको थियो। र्‍यालीमा हाउजिङ फर अल योजनाका लाभार्थीहरूको उल्लेखनीय सहभागिता रहेको थियो। लाभार्थीहरूले योजनाअन्तर्गत आफूहरूले पाउनुपर्ने रकम शीघ्र उपलब्ध गराउनुपर्ने तथा रकम वितरणमा देखिएका समस्याबारे आवश्यक छानबिन गरी समाधान गर्नुपर्ने माग राखेका छन्।

**दार्जिलिङ अस्पताल कर्मचारी र्‍याली**

दार्जिलिङमा District Hospital Employees Welfare Association का सदस्यहरूले आज शान्तिपूर्ण र्‍याली निकालेका छन्। रेलवे स्टेशनबाट क्लब साइड हुँदै जिल्ला अस्पतालसम्म निकालिएको र्‍यालीमा यस वर्षको पूजा बोनस तत्काल भुक्तानी गर्नुपर्ने, तलब वृद्धि गर्नुपर्ने तथा करारमा कार्यरत कर्मचारीहरुलाई नियमित गर्नुपर्ने माग राखिएको थियो। संघका नेताहरूले आफ्ना माग पूरा गर्न ५ अक्टोबर सम्मको समयसीमा दिएका छन्। उक्त मितिसम्म पूजा बोनस उपलब्ध नगराइए अस्पतालका कर्मचारीहरू हडतालमा जाने चेतावनी दिइएको छ।

**एनसीसी र्‍याली**

घूम-जोरबङ्गलो कलेज एनसीसी-ले आज नशामुक्त भारत अनि स्वच्छ भारत अभियान र्‍याली निकाल्यो। घूम-जोरबंगलो क्षेत्रमा निकालिएको र्‍यालीमा 5 बंगाल बटालियन एनसीसी दार्जीलिङको सुवेदार खुदीराम, हवल्दार नसिब थापा र समीर राई अनि महाविद्यालयको पक्षबाट कलेज प्रभारी हिमाञ्जलि तामङ, एएनओ लेफ्टिनेन्ट चन्दन थापा र जतिन थापा उपस्थित थिए। र्‍याली आयोजनको मुख्य उद्देश्य वर्तमान समय युवाहरूमा बढ्दो विकृति, नशाबारे रोकथाम तथा सचेतना फैलाउनु रहेको बताइएको छ।

****** ० ******